# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असोज १ गते २०५० साल (पूर्वातिरिक्ताङ्क ३४

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

**दैनिक तथा भ्रमण भत्ता (चौथो संशोधन) नियमहरू, २०५०**

दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "दैनिक तथा भ्रमण भत्ता (चौथो संशोधन) नियमहरू, २०५०" रहेको छ।

(२) यी नियमहरू २०५० साल आश्विन १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० को नियम ७ मा संशोधनः दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) रात बिताउनु पर्ने गरी आफ्नो अड्डा रहेको सदरमुकाम बाहिर कुनै ठाउँमा भ्रमण वा काजमा खटिएका देहायका कर्मचारीले देहाय बमोजिम दैनिक भत्ता पाउनेछः–

४२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रथम तहका कर्मचारीले– रु. ९०।–
(ख) द्वितीय तहका कर्मचारीले– रु. ८०।–
(ग) तृतीय तहका कर्मचारीले– रु. ७०।–
(घ) चतुर्थ तहका कर्मचारीले– रु. ५५।–"

३. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः–

"(क) भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, बर्मा र गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतमा जाने कर्मचारीले राजपत्राङ्कित भए तीन हजार दुईसय रूपैयाँ र राजपत्र अनंकित भए दुईहजार रूपैयाँ।

(ख) खण्ड (क) मा उल्लेख भएका मुलुकहरू बाहेक अन्य मुलुकहरूमा जाने कर्मचारीले राजपत्राङ्कित भए ८० यू.एस. डलर बराबर नेपाली रूपैयाँ र राजपत्र अनंकित भए ६० यू.एस. डलर बराबर नेपाली रूपैयाँ।"

## सूचना २

श्री ५ को सरकारले दैनिक तथा भ्रमण भत्ता नियमहरू, २०३० को नियम २६ क.ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची ३ को सट्टा देहायको अनुसूची ३ राखी हेरफेर गरेको छ।

### अनुसूची–३
(नियम २० सँग सम्बन्धित)

(१) दैनिक भत्ताको सामान्य दर (अमेरिकी डलरमा)

| तह | क.वर्गका मुलुक | ख.वर्गका मुलुक |
|---|---|---|
| (क) विशिष्ट तह | १०० | ८५ |
| (ख) प्रथम तह | ९० | ७५ |
| (ग) द्वितीय तह | ८० | ६५ |
| (घ) तृतीय तह | ७० | ५५ |
| (ङ) चतुर्थ तह | ६० | ४५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।